जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २६५ २०८१ साल जेठ १५ गते मंगलबार (28 May 2024 Tuesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : पर्यटकको प्रतिदिन खर्च एक सय.. ३ पृष्ठमा : अर्थ मन्त्रालयको सबैभन्दा.. ३ पृष्ठमा : भारतको उत्तरी क्षेत्रमा...

# वर्षौंदेखी बस्दै आएको जग्गाबाट बिस्थापित गराएपछि वास र पालको भरमा शर्मा परिवार



**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ ।**

विगत ५५ वर्षदेखी बसोवास गरेको जग्गाबाट बिस्थापित गराइएपछि तीन परिवार वास र पालको भरमा बस्न बाध्य भएका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ६ कठौनाका तीन परिवार वास र पालको भरमा बस्न बाध्य भएका हुन् ।

सोही ठाउँका स्व. बिलट चौधरीका छोरा जोगेन्द्रले ७ धुर जग्गामा बसोवास गर्दै आइरहेका रामप्रकाश शर्मा, ओमप्रकाश शर्मा र जयप्रकाश शर्मालाई उक्त ठाउँ खाली गर्न लगाई घर समेत तोडफोड गरेर कबुल गरेको सट्टा भर्ना जग्गा नदिदा उनीहरु बिचल्लीमा परेका छन ।

बिलट चौधरी कहाँ हलो, कोदालो, फर्निचर निर्माणको काम गर्दै आएका शर्मा परिवारलाई काम गरे वापत ७ धुर जग्गा उपलब्ध गराएपछि विगत ५५ वर्षदेखी आफूहरु फुसको झुप्रो बनाई त्यहा बसोवास गर्दै आइरहेकोमा अहिले उठिवास गराएर कबुल गरेको जग्गा समेत नदिँदा आफूहरुको बिल्लीबाठ भएको पीडित मध्येका रामप्रकाश शर्माले बताए ।

बिलट चौधरीको केही समय अघि मात्र निधन भएको थियो । बिलट चौधरी बाचुन्जेल कुनै प्रकारको हस्तक्षेप नगरे पनि निजको मृत्यु भएपछि छोरा जोगेन्द्रले आफूहरुलाई बलजफ्ती निकालेको पीडित मध्येकी सरिता देवी शर्माले बताइन् । "यहाँको जग्गा खाली गरि देउ त्यसवापत सोही वडाको अर्को ठाउँमा १५ धुर जग्गा सट्टाभर्ना दिन्छु भनी कठौना प्रहरी चौकीमा समेत जोगेन्द्रले सहमति गरेको सुनउँदै उनले भनिन्, आफ्नो घर अगाडीको हाम्रो घर भत्काएर अहिले प्रहरीसमक्ष गरेको सहमति समेत उल्लंघन गर्नाले हामीलाई बालबच्चालाई सुरक्षित राख्न समेत समस्या भएको छ ।

बलजफ्ती शर्मा परिवारलाई त्यहाँबाट हटाइएपछि अहिले भूमिअधिकारकर्मीहरुको अगुवाई शर्मा परिवारलाई पुनःसोही स्थानमा बाँस, पाल, टाटी र परालको व्यवस्था गरी बसोवासको व्यवस्था मिलाइएको जिल्ला भूमि अधिकार मञ्चका सदस्य एवं दलित अगुवा युक्तिलाल मरिकले बताए ।

यद्दपी चौधरी पक्षबाट फेरी पनि खाली गर्न दबाब सुरु भएको उनको भनाई छ । उनले शर्मा परिवारलाई उठिवासबाट जोगाउन मञ्चका जिल्ला अध्यक्ष सुरहित सदा, सचिव बासुदेव दास, कोषाध्यक्ष कारी दास, सदस्य रामा सदा लगायतको अगुवाईमा निकै प्रयास गरेपनी जोगेन्द्रले नमानेको गुनासो पोखे ।

सोमबार एक प्रेस विज्ञप्तिमार्फत उनले यस्तै प्रकृतीको घटना सोही नगरपालिकाको वडा ७ का गंगा सदा र अहुरलिया देवी सदा माथी

*बाँकी तीन पृष्ठमा*

# प्रचण्ड, ओली र लामिछाने संघीयता विरोधी हुन् : मुख्यमन्त्री यादव



**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ ।**

मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र गृहमन्त्री रवि लामिछाने संघीयता विरोधी भएको आरोप लगाएका छन् ।

मधेश सरकार अल्पमतमा रहेकाले दीर्घकालीन महत्वको निर्णय नगर्न ध्यानाकर्षण गराउन आएका नेकपा एमाले, जनमत, माओवादी केन्द्र र लोकतान्त्रिक समाजवादी पार्टीका नेताहरुसँग उनले प्रचण्ड र ओली संघीयताविरोधी भएको टिप्पणी गरेका हुन् ।

'पहिला हामी केपी ओलीलाई संघीयता विरोधी भन्थ्यौं । उहाँ त भन्दै हुनुहुन्थ्यो कि मैले संघीयता चाहेको होइन, जबरजस्ती लादिएको हो, म मजबुर थिएँ । तर प्रचण्डलाई मैले अहिले कसरी हेरैं भने प्रचण्ड संघीयता चाहने व्यक्ति पहिला थिए, तर अहिले संघीयताको घोर विरोधी हो । प्रचण्डले संघीयता चाहेकै छैनन्', उनले भने ।

अहिलेका उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको दल राष्ट्रिय स्वतन्त्र पार्टी प्रदेशमा चुनाव नै नलडेका कारण ऊ पनि

*बाँकी तीन पृष्ठमा*

# गृहमन्त्रीलाई निलम्बन माग गर्दै सर्वोच्च अदालतमा रिट

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ जेठ ।**

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई निलम्बन माग गर्दै सर्वोच्च अदालतमा रिट दायर भएको छ ।

अधिवक्ता अनुपम भट्टराईले सोमबार महान्यायाधिवक्ता कार्यालय, महान्यायाधिवक्ता दिनमणि पोखरेल र गृहमन्त्री रवि लामिछानेलाई विपक्षी बनाएर रिट दायर गरेका छन् ।

महान्यायाधिवक्ता कार्यालयले गृहमन्त्रीमाथि कुनै पनि मुद्दामा कुनै पनि अदालतमा अभियोजन नभएको भन्दै पत्र लेखेका थिए । रिटमा सो पत्र खारेजी गर्न माग गरिएको छ ।

साथै अनुसन्धान प्रक्रियामा गृहमन्त्रीले अनुचित प्रभाव पार्न सक्ने भन्दै अनुसन्धान प्रक्रिया चलिरहेका बेला उनलाई निलम्बन गर्न माग गरिएको छ । यो रिटमा जेठ १६ गतेका लागि पेशी तोकिएको छ ।

गत वैशाख २४ गते महान्यायाधिवक्ता कार्यालयले रुपन्देहीको सुप्रिम वचत तथा ऋण सहकारी संस्था, चितवनको सहारा सहकारी संस्था तथा कास्कीको सूर्यदर्शन सहकारी संस्थाको रकम हिनामिनामा कुनै उजुरी परेको, अनुसन्धान वा अभियोजन पत्र दायर भएको नदेखिएको भन्दै रवि लामिछानेलाई पत्र लेखेको थियो ।

महान्यायाधिवक्ता कार्यालयले यसरी गृहमन्त्रीलाई पत्र लेख्नु कानुन विपरीत भन्दै अधिवक्ता अनुपम भट्टराईले रिट लिएर सर्वोच्च गएका थिए । तर उनको रिट दरपीठ भएको थियो । दरपीठविरुद्ध दिएको निवेदनमा सुनुवाइ गर्दै ९ जेठमा न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले उक्त रिट दर्ता गर्न आदेश दिएको थियो । त्यसपछि सो रिट सोमबार दर्ता भएको हो ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## गणतन्त्र दिवस भव्यरुपमा मनाऔं

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।
संघ, प्रदेश एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वास्थ्यप्रति गम्भिर बनौं

हामी मानिस अहिले स्वास्थ्यप्रति गम्भिर बनिरहेका छैनौं । मानवका लागि स्वास्थ्य अति महत्वपूर्ण हो । हरेक व्यक्ति स्वास्थ्यप्रति ध्यान दिएमा बिरामी हुनबाट जोगिन सकिन्छ । स्वास्थ्य नै धन हो भन्ने मूल मर्मलाई आत्मसाथ गर्नुपर्छ । जबसम्म हामी आफ्ना वरिपरि सफा राख्न सक्दैनौं तबसम्म हामी स्वास्थ्य रहन सक्दैनौं । यसका लागि घरवरिपरि सरसफाइमा ध्यान दिनुपर्छ । विहान र साँझपख घर आङ्गन सरसफाई गर्नेतिर ध्यान दिनु आवश्यक छ ।

प्रत्येक व्यक्ति सम्वेदनशल हुनु जरुरी छ । मानिस अस्वथ्य भएपछि स्वथ्य बन्न लाखौं रकम खर्च गर्नु पर्ने बाध्यता आउछ । यस्तो अवस्था आउनै नदिन सबैले सरसफाईमा ध्यान दिन सके आफू पनि र अरुलाई पनि स्वास्थ राख्न सकिन्छ ।

तसर्थ स्वास्थ रहन हामी आजैदेखी घरदेखी आङ्गन र सडकसम्मको सरसफाईमा ध्यान दिऔं । यसका लागि सम्बन्धित निकायले समेत सहयोग पुऱ्याउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पर्यटकको प्रतिदिन खर्च एक सय २५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य

काठमाडौँ, १४ जेठ (रासस) ।

सरकारले पर्यटन प्रवर्द्धनका लागि नेपालमा प्रतिदिन पर्यटकको खर्च बढाउने नीति अख्तियार गरेको छ । अर्थमन्त्री वर्षमान पुनले आइतबार सार्वजनिक गर्नुभएको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार सरकारले आगामी दश वर्षमा प्रतिपर्यटक खर्च एक सय २५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएको हो । पर्यटन प्रवर्द्धनका लागि सन् २०२३ देखि २०३२ लाई पर्यटन दशकका रूपमा मनाए । प्रतिपर्यटक प्रतिदिन औसत खर्च एक सय २५ डलर पुऱ्याउने लक्ष्य लिइएको छ । सन् २०२३ मा प्रतिपर्यटक प्रतिदिन औसत खर्च ४१ अमेरिकी डलर रहेको छ ।

त्यस्तै, सन् २०२२ मा प्रतिपर्यटक प्रतिदिन औसत खर्च ४०/५ अमेरिकी डलर रहेको छ । विदेशी पर्यटकको औसत बसाइ अवधि र प्रतिदिन खर्चमा पनि वृद्धि भएको छ । सन् २०२३ मा पर्यटकको औसत बसाइ अवधि र प्रतिदिन खर्चमा सीमान्त वृद्धि भएको छ । यस अवधिमा पर्यटकको औसत बसाई १३.२ दिन र प्रतिपर्यटक प्रतिदिन औसत खर्च ४१.० अमेरिकी डलर रहेको छ । सन् २०२२ मा पर्यटकको बसाइ अवधि औसत १३.१ दिन रहेको थियो । सन् २०११ मा प्रतिपर्यटक प्रतिदिन औसत खर्च ४०.५ अमेरिकी डलर रहेको थियो ।

आर्थिक सर्वेक्षणअनुसार विशिष्ट प्रकृतिका पर्यटकीय गन्तव्य र उपजका कारण नेपाल विश्वकै प्रमुख गन्तव्य मुलुकका रूपमा रहेको छ । भूकम्पबाट क्षतिग्रस्त अधिकांश सांस्कृतिक एवं पर्यटकीय सम्पदाको पुनः निर्माण सम्पन्न हुनाका साथै नयाँ पर्यटकीय गन्तव्यको समेत विकास हुँदै गएको छ । दुई अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् ।

कोभिड-१९ महामारीबाट शिथिल बनेको पर्यटन क्षेत्र कोभिड महामारी पूर्वको अवस्थामा आइपुगेको छ । पर्यटन क्षेत्रले गति लिँदै गएसँगै होटल व्यवसाय चलायमान हुँदै गएका छन् भने पर्यटकबाट प्राप्त हुने आम्दानी उल्लेख्यरूपमा बढेको छ ।

पछिल्लो दशक (२०१४-२०२३) मा भूकम्प र कोभिड-१९ महामारीको बाबजुद ६६ लाख पर्यटकले नेपाल भ्रमण गरेका छन् । पछिल्लो दशकमा प्रतिवर्ष औसत पर्यटक आगमन ६ लाख ६१ हजार रहेको छ ।

**विदेशी पर्यटक बढे**

पछिल्लो समय विदेशी पर्यटक आगमन निरन्तर बढिरहेको छ । आर्थिक सर्वेक्षणअनुसार स्थलमार्गबाट आउने भारतीय पर्यटकबाहेक सन् २०२२ मा पर्यटक आगमनमा वृद्धि भई ६ लाख १४ हजार आठ सय ६९ पुगेकामा सन् २०२३ मा यस्तो सङ्ख्या ६५.० प्रतिशतको वृद्धि भई १० लाख १४ हजार आठ सय ८२ पुगेको छ । सन् २०२४ को मार्चसम्म तीन महिनाको अवधिमा पर्यटक आगमन सन् २०२३ को मार्चसम्मको तुलनामा ३३.८ प्रतिशतले वृद्धि भई तीन लाख चार हजार ६ सय ९३ पुगेको छ ।

सन् २०२३ मा विभिन्न उद्देश्यले नेपाल भ्रमणमा आएका विदेशी पर्यटकबाट सङ्कलन भएको भ्रमण आय सन् २०२२ को रु ४६ अर्ब७६ करोडको तुलनामा ४५.६ प्रतिशतले वृद्धि भई रु ६८ अर्ब सात करोड पुगेको छ । चालु आर्थिक वर्षको फागुनसम्म पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४२.१ प्रतिशतले वृद्धि भई रु ५१ अर्ब ३९ करोड पुगेको छ ।

भ्रमण आयको तुलनामा भ्रमण खर्च प्रायः उच्च रहँदै आएको छ । पछिल्लो दशकमा आर्थिक वर्ष २०७१/७२ र आर्थिक वर्ष २०७६/७७ बाहेक अन्य आर्थिक वर्ष भ्रमण आयको तुलनमा भ्रमण खर्च बढी रहेको छ । चालु आथिक वर्षको फागुनसम्म भ्रमण आयभन्दा भ्रमण खर्च रु एक अर्ब ४३ करोड बढी छ । गत आर्थिक वर्षको फागुनमा यस्तो अन्तर रु ४८ अर्ब १६ करोड रहेको थियो ।

सन् २०२३ मा नेपाल भ्रमण गर्ने कूल पर्यटकमध्ये सबैभन्दा बढी ६२.५ प्रतिशत पर्यटकले बिदा/मनोरञ्जन/यात्राका लागि भ्रमण रहेका थिए । शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी मुलुककै बढी भ्रमण गरिने गन्तव्यका रूपमा रहेको छ । सन् २०२३ मा लुम्बिनी भ्रमण गर्नेमध्ये नेपाली ६ लाख ५६ हजार, भारतीय दुई लाख ६ हजार र अन्य मुलुकका ८९ हजार गरी १० लाख ११ हजार रहेका छन् ।

सन् २०२३ मा आएका पर्यटकमध्ये भारतबाट ३१.५ प्रतिशत, अमेरिकाबाट ९.९ प्रतिशत, चीनबाट ६.० प्रतिशत, बेलायतबाट ५.२ प्रतिशत, अष्ट्रेलियाबाट ३.८ प्रतिशत, बङ्गलादेशबाट ३.६ प्रतिशत र अन्य मुलुकबाट ४०.० प्रतिशत रहेका छन् । सन् २०२३ मा ६ गुणा र दक्षिण कोरियाबाट आउने पर्यटकको सङ्ख्या करिब १० गुणाले वृद्धि भएको छ ।

पर्वतारोहण दल (हिमाल आरोहण) को सङ्ख्या सन् २०२३ मा १५.० प्रतिशतले बढेर दुई हजार दुई सय ५३ पुगेको छ । पर्वतारोहणको सङ्ख्या सन् २०२२ मा आठ हजार चार सय ६८ रहेकामा सन् २०२३ मा ११.० प्रतिशतले वृद्धि भई नौ हजार तीन सय ९८ पुगेको छ । पर्वतारोहीको सङ्ख्यामा भएको वृद्धिसँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी सन् २०२३ मा ४२.० प्रतिशतले वृद्धि भई रु ९९ करोड ९३ लाख पुगेको छ ।

**डिलक्ससहित पाँचतारे होटलको सङ्ख्या एक सय ८२ पुग्यो**

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट हालसम्म २७ हजार तीन सय ४६ दक्ष जनशक्ति उत्पादन भएका छन् । नेपाल पर्वतीय पर्यटन प्रतिष्ठानबाट हालसम्म पाँच हजार आठ सय ५३ व्यक्तिले विभिन्न विधामा तालिम प्राप्त गरेका छन् । डिलक्ससहित पाँचतारे होटलको सङ्ख्या २०७९ पुससम्म एक सय ७३ रहेकामा २०८० पुससम्म एक सय ८२ पुगेको छ । त्यसैगरी, तारेस्तर बाहेकको डिलक्स/लक्जरी हेरिटेज बुटिक होटलसहित पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टको सङ्ख्या २०७९ पुसम्म एक हजार दुई सय २८ रहेकामा २०८० पुसम्म एक हजार दुई सय ३४ पुगेको छ ।

**होटलको शय्या ३७ हजार बढी**

तारेस्तरका होटलमा रहेका शय्याको सङ्ख्या चालु आर्थिक वर्षको पुससम्म सात सय ३८ थप भई हालसम्म १७ हजार ७३ पुगेको छ । यसैगरी, तारेस्तरका होटलबाहेक पर्यटकस्तरीय डिलक्स/लक्जरी हेरिटेज बुटिक होटल, लज तथा रिसोर्टमा रहेका शय्याको सङ्ख्यामा चालु आर्थिक वर्षको पुससम्म दुई सय ४९ थप भई हालसम्म ३७ हजार दुई सय ९७ पुगेको छ ।

विसं २०८० पुससम्म क्यासिनो १३ र मिनिक्यासिनो १७ गरी ३० सञ्चालनमा रहेका छन् । २०८० असारसम्म यस्तो सङ्ख्या २८ पुगेको थियो । सन् २०२३ मा नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाको सङ्ख्या ३१ रहेको छ । त्यसैगरी, द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या ४१ पुगेको । दुईतर्फ हवाई सिट क्षमता सङ्ख्या वार्षिक ८७ लाख ५५ हजार रहेको छ । आन्तरिक उडान गर्ने वायुसेवाको सङ्ख्या २२ पुगेको छ । त्यस्तै, सञ्चालनमा रहेका कूल विमानस्थलको सङ्ख्या ३३ रहेको छभने सबै मौसममा सञ्चालन हुनसक्ने कालोपत्र भएका विमानस्थलको सङ्ख्या ४१ रहेको छ ।

# दल विभाजनविरुद्ध दायर मुद्दामा हेर्न नभ्याउनेमा हुँदै स्थगित

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ जेठ ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवद्वारा सर्वोच्च अदालतमा दायर दल विभाजनविरुद्ध मुद्दा सोमबार सुनुवाइ हुन सकेन ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासमा परेको उक्त मुद्दा सोमबार हेर्न नभ्याउनेमा हुँदै स्थगित भएको छ ।

जनता समाजवादी पार्टी नेपाल छाडेका अशोक राईसहितका नेताहरूले निर्वाचन आयोगमा अर्को दल दर्ता गर्न निवेदन दिएपछि आयोगले उनीहरूको दल दर्ता गरिदिएको थियो । तर जसपा नेपालका अध्यक्ष यादवले आफ्नो दल छाडेका नेताहरूले दिएको निवेदनको आधारमा अर्को दल दर्ता गर्नु गैरकानुनी भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

*बाँकी तीन पृष्ठमा*

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी**

# अर्थ मन्त्रालयको सबैभन्दा बढी बेरुजु, प्रदेशतर्फ मधेसमा धेरै

काठमाडौं, १४ जेठ (रासस) ।

तीनवटै तहका सरकारी निकायको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षणमा आधारित महालेखापरीक्षक कार्यालयको ६१औँ प्रतिवेदन सार्वजनिक भएको छ । आइतबार सार्वजनिक भएको उक्त प्रतिवेदनले हालसम्मको अद्यावधिक बेरुजु र कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम रु ११ खर्ब ८३ अर्ब २६ करोड पुगेको जनाएको छ ।

आर्थिक वर्ष २०७९/८० मा मात्रै अद्यावधिक बेरुजु रु ९५ अर्ब ६० करोड २१ लाख र कारबाही टुङ्गो लगाउनुपर्ने लेखा परीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्नेलगायत रकम रु एक खर्ब ४० अर्ब ९५ करोड ३० लाख बराबर पुगेको छ । अर्थात् गत आर्थिक वर्षमा मात्र रु दुई खर्ब ३६ अर्ब ५५ करोड ५१ लाख बराबर बेरुजु थपिएको छ । गत आर्थिक वर्षमा महालेखाले तीनवटै तहका पाँच हजार छ सय पाँचवटा निकायको कुल रु ७८ खर्ब ८१ अर्ब ८० करोड बराबर लेखापरीक्षण गरेको थियो ।

महालेखापरीक्षकको ६१औँ वार्षिक प्रतिवेदनअनुसार सबैभन्दा धेरै बेरुजु अर्थ मन्त्रालयमा देखिएको छ । सङ्घीय सरकारी कार्यालयतर्फको कुल बेरुजुमा अर्थ मन्त्रालयको बेरुजु मात्रै ५४ दशमलव ७४ प्रतिशत बराबर देखिएको हो ।

गत आर्थिक वर्ष २०७९/८० मा अर्थ मन्त्रालयको रु १७ खर्व २२ अर्ब ५७ करोड २८ लाख बराबरको लेखापरीक्षण हुँदा रु असुल गर्नुपर्ने रकम रु तीन अर्ब ५५ करोड ३२ लाख र नियमित गर्नुपर्ने रु २१ अर्ब ९२ करोड १५ लाख गरी कुल रु २५ अर्ब ४७ करोड ४९ लाख बराबर छ ।

त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रु १२ अर्ब नौ करोड ३८ लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको रु तीन अर्ब १२ करोड ४३ लाख, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको रु एक अर्ब एक करोड ६७ लाख र सहरी विकास मन्त्रालयको रु ९२ करोड १० लाख बराबर बेरुजु देखिएको छ ।

त्यसैगरी, खानेपानी मन्त्रालयको रु ७६ करोड ४६ लाख, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको रु ६० करोड ५९ लाख, गृह मन्त्रालयको रु ५४ करोड चार लाख, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रु ४० करोड ७७ लाख र परराष्ट्र मन्त्रालयको रु ३८ करोड ६७ लाख बराबर बेरुजु रहेको छ । यी दशवटा मन्त्रालयमा मात्र सङ्घीय सरकारी कार्यालयतर्फको रु ९७ दशमलव ४२ प्रतिशत बेरुजु रहेको छ ।

प्रदेशतर्फ सबैभन्दा धेरै बेरुजु मधेश प्रदेशको देखिएको छ । आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षणसम्ममा मधेस प्रदेशको कुल बेरुजु रु आठ अर्ब ३१ करोड आठ लाख ५८ हजार बराबर छ । हालसम्मको बेरुजुको अवस्था हेर्दा कोशी प्रदेशको रु पाँच अर्ब ५८ करोड चार लाख सात हजार, बागमतीको रु चार अर्ब २८ करोड पाँच लाख ६१ हजार, गण्डकीको रु दुई अर्ब ६८ करोड ५५ लाख ४२ हजार बराबर छ ।

त्यस्तै, लुम्बिनीको रु चार अर्ब दुई करोड नौ लाख ६९ हजार, कर्णालीको रु तीन अर्ब ९४ करोड ८२ लाख ५४ हजार र सुदूरपश्चिम प्रदेशको रु दुई अर्ब ६८ करोड २९ लाख २९ हजार बराबर बेरुजु देखिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको, अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको विषयलाई बेरुजुका रूपमा परिभाषित गरेको छ ।

महालेखापरीक्षक तोयम रायाले महालेखाको प्रतिवेदनबाट विभिन्न आठवटा क्षेत्रमा सुझाव दिइएको बताउनुभयो । "शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन सुधारलगायतका क्षेत्रमा तोकिएबमोजिम परीक्षण, मूल्याङ्कन एवम् विश्लेषण गरी सुझाव प्रस्तुत गरिएको छ", रायाले भन्नुभयो, "मुलुकको समग्र अर्थतन्त्र, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, सूचना प्रविधि, सुशासनलगायत क्षेत्रहरूमा पनि सुझाव दिइएको छ ।"

# वायुसेवा निगमसहित पन्ध्र सरकारी संस्थान घाटामा

काठमाडौं, १४ जेठ (रासस) ।

नेपाल वायुसेवा निगमसहित १५ वटा सरकारी संस्थान मुनाफा आर्जन गर्न असफल भएका छन् । संसद्मा आइतबार प्रस्तुत 'सार्वजनिक संस्थानको वार्षिक समीक्षा' मा उक्त कुरा उल्लेख छ ।

आर्थिक वर्ष २०७९/८० सम्ममा अस्तित्वमा रहेका ४४ वटा सार्वजनिक संस्थानमध्ये २६ नाफामा, १५ घाटामा र तीन संस्थानको कारोबार शून्य भएको समीक्षा प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनअनुसार आर्थिक २०७९/८० मा सबैभन्दा बढी खुद नोक्सान नेपाल वायुसेवा निगमको रहेको छ । नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग लिमिटेड र नेपाल टेलिभिजनको खुद नोक्सान पनि उच्च देखिएको छ ।

गत आर्थिक वर्षमा वायुसेवा निगमको खुद नोक्सान रु ६५ करोड २९ लाख ३९ हजार बराबर छ । त्यस्तै, निगमको सञ्चित नोक्सान रु १६ अर्ब ३७ लाख ६३ हजार बराबर छ । वायुसेवा निगम आव २०७६/७७ देखि हालसम्म निरन्तर नोक्सानमा सञ्चालित छ ।

"आव २०७८/७९ को तुलनामा खुद नोक्सान घटे तापनि संस्थानको वित्तीय अवस्था सन्तोषजनक रहेको देखिँदैन", प्रतिवेदनमा भनिएको छ, "वित्तीय संस्थाबाट कर्जा लिइ खरिद गरिएका जहाजको साँवा र व्याज भुक्तानी गर्न समस्या हुनु, उच्च प्रशासनिक खर्च, जहाजको न्यून सञ्चालन, समयमा उडान नहुनु, व्यावसायिक योजनाको न्यून कार्यान्वयनलगायत कारणले समग्र अवस्था खस्कँदो देखिएको छ ।"

यसैगरी, खानेपानी संस्थान र नेपाल टेलिभिजन आव २०७५/७६ देखि निरन्तर खुद नोक्सानीमा सञ्चालित छन् भने उदयपुर सिमेन्ट उद्योग लिमिटेड आव २०७६/७७ र दुग्ध विकास संस्था आव २०७७/७८ देखि खुद नोक्सानीमा सञ्चालन भइरहेका छन् । गत आर्थिक वर्षमा खानेपानी संस्थानको दुख नोक्सानी रु ५४ करोड ६९ लाख १९ हजार र सञ्चित नोक्सान रु तीन अर्व तीन करोड ७० लाख बराबर थियो ।

दुग्ध विकास संस्थानको खुद नोक्सान रु ४८ करोड ४२ लाख २८ हजार छ भने सञ्चित नोक्सान रु एक अर्ब ८५ करोड छ लाख, उदयरपुर सिमेन्टको खुद नोक्सान रु ३६ करोड २६ लाख ८८ हजार र सञ्चित नोक्सान रु पाँच अर्ब ७८ करोड ८२ लाख बराबर छ ।

हेटौँडा सिमेन्ट उद्योगको खुद नोक्सान रु २५ करोड ४८ लाख र सञ्चित नोक्सान रु एक अर्ब १५ करोड ८६ बराबर छ भने नेपाल औषधि लिमिटेडको गत आवको खुद नोक्सान रु १५ करोड ५४ लाख र सञ्चित नोक्सान रु दुई अर्ब १३ करोड ५९ लाख बराबर छ ।

नेपाल ओरिन्ड म्याग्नासाइट प्रालिको खुद नोक्सान रु १६ करोड ५८ लाख र सञ्चित नोक्सान रु पाँच अर्ब तीन करोड ७६ लाख र बुटवल धागो कारखानाको खुद नोक्सान रु तीन करोड ४३ लाख बराबर रहँदा सञ्चित नोक्सान रु दुई अर्ब १२ लाख बराबर छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले रु १२ करोड ९२ लाख बराबर खुद नाफा कमाउँदा सञ्चित नोक्सान भने रु ७८ करोड २२ लाख बराबर छ । नेपाल आयल निगम लिमिटेड सबैभन्दा धेरै खुद नाफा गर्ने संस्थानका रुपमा देखिएपनि सञ्चित नोक्सान भने रु चार अर्ब ८५ लाख ८९ हजार बराबर रहेको छ ।

नेपाल वन लिमिटेड रु सात करोड ४३ लाख खुद नोक्सानमा हुँदा सञ्चित नाफा रु सात करोड २४ बराबर, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडको खुद नोक्सान रु ४३ लाख ३४ हजार हुँदा सञ्चित नोक्सान रु ११ करोड २९ लाख बराबर छ ।

नेपाल रेल्वे कम्पनी लिमिटेडको खुद नोक्सान रु १९ करोड ९६ लाख बराबर छ भने सञ्चित नोक्सानी रु ५५ करोड ९६ लाख तथा सांस्कृतिक संस्थानको खुद नोक्सान रु एक करोड ४८ लाख र सञ्चित नोक्सान रु २८ करोड ४२ लाख बराबर छ ।

जनकशिक्षा सामग्री केन्द्र लिमिटेडले गत आवमा रु १९ करोड ३६ लाख बराबर खुद नाफा कमाएको देखिए पनि सञ्चित नोक्सान भने रु एक अर्ब १९ करोड ८७ लाख बराबर देखिएको छ । नेपाल टेलिभिजनको खुद नोक्सान रु ३५ करोड १२ लाख ६७ हजार र सञ्चित नोक्सान रु दुई अर्ब ४० करोड ८९ लाख बराबर छ । राष्ट्रिय आवास कम्पनी लिमिटेड रु एक करोड चार लाख खुद नोक्सानी र रु ११ करोड ८५ लाख सञ्चित नोक्सानीमा सञ्चालन भइरहेको छ ।

नेपाल टेलिभजनलाई सेवामूलक उद्देश्यका साथ सञ्चालन गर्दा व्यावसायिकता विकास हुन नसक्नु, इन्टरनेटमा आधारित नयाँ सञ्चारमाध्यमका कारण ग्राहक घट्नुलगायतले घाटामा गएको प्रतिवेदनमा उल्लेख छ ।

खानेपानी संस्थानमा महसुल बक्यौता उच्च हुनु, स्थानीय तहसँगको कमजोर समन्वय, महसुल समयानुकूल वृद्धि गर्न नसक्नुलगायतका कारणलाई जिम्मेवार ठानिएको छ ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेड आधाभन्दा कम क्षमतामा सञ्चालन हुनु, प्रशासनिक खर्च उच्च हुनुलगायत समस्यामा छ । त्यस्तै, दुग्ध विकास संस्थानले आफ्नो उत्पादनको बजारीकरण गर्न नसक्नु, बजारको आवश्यकता मागभन्दा बढी दुग्ध पदार्थ उत्पादन गरी भण्डारण गर्नु, समग्र व्यवस्थापकीय कमजोरी, साँवा र व्याज समयमा भुक्तानी गर्न नसक्नुलगायत समस्याले खुद नोक्सान तथा सञ्चित नोक्सानी कम गर्न नसकेको प्रतिवेदनमा जनाइएको छ ।

सार्वजनिक संस्थानको व्यावसायिक योजनाको कार्यान्वयन अवस्थासमेत कमजोर रहेको प्रतिवेदनले औँल्याएको छ ।

### *प्रचण्ड, ओली र ...*

संघीयताविरोधी भएको मुख्यमन्त्री यादवले बताए ।

उनले भने, 'यो संघीयता चाहेको भए केपी ओली र रवि लामिछानेलाई ल्याएर सरकार बनाउनु हुँदैन थियो । रवि लामिछाने त प्रदेशमा अहिले पनि चुनाव लडेनन् । त्यस्ता मान्छेसँग गठबन्धन बनाउने नेतृत्वले देशमा संघीयता चाहेको छ ?'

मुख्यमन्त्री यादवले संघीयतामाथि प्रहार गर्न मधेश प्रदेशमा पटक पटक दलहरुले विश्वासको मत फिर्ता लिने गरेको र संघीय सरकारले कर्मचारीको सरुवा गरेको आरोप लगाए ।

### *वर्षौंदेखी बस्दै ...*

समेत भएको भन्दै पीडितलाई न्याय दिलाउन पहलका लागि सबै सँग आग्रह गरेका छन् ।

यसबारे जिज्ञासा राख्दा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले यस विषयमा पीडित भनिएकाहरुबाट आफू कहाँ उजुरी नआएको बताए । यद्पी पत्रकारहरुबाट भर्खर जानकारी प्राप्त भएकाले घटनाको सत्यतथ्य बुझ्ने र छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउने उनको कथन छ ।

### *दल विभाजनविरुद्ध ...*

त्यस्तै आफ्नो दल छाडेर जाने सात सांसदलाई सांसदको हैसियतमा कामकाज गर्न रोक लगाउन माग गर्दै यादवले सर्वोच्चमै अर्को रिट पनि दिएका थिए । दुवै रिटलाई सँगै राखेर सोमबार हेर्ने गरी इजलास तोकिए पनि न्यायाधीशहरुले हेर्न नभ्याएका हुन् । अन्तिमतिर पेशी तोकिएको उक्त मुद्दामा यसअघि अल्पकालीन अन्तरिम आदेश जारी भएको थियो ।

## विश्व समाचार

# भारतको उत्तरी क्षेत्रमा भीषण गर्मीको लहर

नयाँ दिल्ली, १४ जेठ (रासस/सिन्ह्वा) ।

विगत केही दिनदेखि भारतको उत्तरी क्षेत्रमा तापक्रम ५० डिग्री सेल्सियसको हाराहारीमा पुगेको छ । गर्मीसँगै उष्ण लहर प्रवाहित हुन थालेपछि दिल्लीसँग जोडिएको गुरुग्राम शहरका विद्यालयहरू आगामी पाँच दिनका लागि बन्द गरिएको छ ।

भारतीय मौसम विज्ञान विभाग (आईएमडी) का अनुसार दिल्ली, हरियाणा, पञ्जाब, राजस्थान र उत्तर प्रदेशको पश्चिमी भागमा व्यापक उष्ण लहर चलिरहेको छ । यो अत्यधिक तातो हावा प्रवाहित हुने क्रम आगामी केही दिनसम्म जारी रहने पुर्वानुमान विभागले गरेको छ ।

प्रतिकुल मौसमबाट बालबालिकालाई बचाउनका लागि दिल्लीसँग जोडिएको हरियाणा राज्यको एक भाग गुरुग्राममा कक्षा ८ सम्मका विद्यालयहरु बन्द गरिएको छ ।

उष्ण लहरसँगै गर्मीका कारण हुने विविध स्वास्थ्य समस्यापछि खासगरी सहरी क्षेत्रमा अधिकारीहरूले अतिआवश्यक बाहेकको अवस्थामा घर बाहिर ननिस्कन र छहारीमा बस्न नागरिकहरूलाई आग्रह गरेको छ ।

# गाजाको राफाह शिविरमा इजरायली आक्रमणमा परी मृत्यु हुनेको संख्या ४० पुग्यो

राफाह, प्यालेष्टिनी क्षेत्र, १४ जेठ (रासस/एएफपी) ।

प्यालेष्टिनी क्षेत्रको राफाहनजिकै विस्थापित व्यक्तिहरू बस्दै आएको शिविरमा इजरायली हवाई आक्रमणमा परी मृत्यु हुनेको सङ्ख्या ४० पुगेको गाजाको नागरिक सुरक्षा निकायले सोमबार जनाएको छ ।

नागरिक सुरक्षा निकायका वरिष्ठ अधिकारी मोहम्मद अल-मुघैरले एएफपीसँग भन्नुभयो, "दक्षिणी गाजा पट्टीको राफाह शहरको उत्तरपश्चिममा रहेको शरणार्थी टेन्टमा इजरायली सेनाले गरेको अन्धाधुन्ध हवाइ फायरका कारण ४० जनाको मृत्यु भएको छ भने ६५ जना घाइते भएका छन् ।"

"हवाई आक्रमणपछि शिविरमा बस्दै आएका दर्जनौँ व्यक्तिको शरीर क्षतविक्षत र मृत अवस्थामा देखिएको साथै उल्लेख्य सङ्ख्यामा घाइते बालबालिका, महिला र वृद्धवृद्धा शिविरमा त्रसित अवस्थामा भेटिएका छन्," उहाँले भन्नुभयो ।

उहाँले उद्धारकार्यमा ठूलो चुनौती आएको बताउनुभयो । अलयस-मुघैरले भन्नुभयो, "शिविरमा ईन्धनको अभाव छ । शिविरमा जाने सडकहरू ध्वस्त भएका छन् । यसले यी लक्षित क्षेत्रहरूमा नागरिक सुरक्षा वाहनहरूको आवागमनमा बाधा पुऱ्याएको छ ।"

# अफगानिस्तानमा बाढीका कारण १६ जनाको मृत्यु

काबुल, १४ जेठ (रासस/एएनआई) ।

अफगानिस्तानको बाघलान र बदख्सान प्रान्तमा हालै आएको बाढीमा १६ जनाको मृत्यु भएको टोलो न्यूजले जनाएको छ ।

प्रभावित प्रान्तका स्थानीय अधिकारीहरूका अनुसार बाढीमा पाँच सय घरमा पूर्ण वा आंशिक रूपमा क्षति भएको छ । टोलो न्यूजकाअनुसार बाढीले डान्ड-ए-घोरी, दोसी, पुल-ए-खुमरी सहर, मध्य बदख्सानको मोरचक र यी प्रान्तका अन्य भागहरूमा असर पारेको स्थानीय अधिकारीहरूले बताएका छन् ।

बाघलान प्रहरी कमान्डका प्रमुख अब्दुल गफुर खादेमले आइतबार राति ठूलो बाढी आँउदा बाघलान प्रान्तको दोसी जिल्लाको लारखाब क्षेत्रमा व्यापाक क्षति भएको बताउनुभएको छ ।

उहाँका अनुसार लर्खाबमा तीन बालबालिका एक महिला र दुई पुरुषसहित लगभग पाँच जनाको मृत्यु भएको छ भने ३०० भन्दा बढी घरहरू ध्वस्त भएका छन् ।

तालिबानद्वारा बदख्सानमा प्राकृतिक विपद् व्यवस्थापनका प्रमुख मोहम्मद कामगरलाई उद्धत गर्दै बाढीका कारण एकै परिवारका दश जनासहित एघार व्यक्ति घाइते भएको टोलो न्यूजले जनाएको छ ।

यसैबीच, बाढीका कारण सम्पत्ति गुमाएका धेरै परिवारहरूले सहायताको आगमनमा ढिलाइ भएको भन्दै सरकारको आलोचना गरेका छन् । पिडित परिवारले सरकार र सहायता निकायबाट तत्काल सहयोगको माग गरेका छन् ।

अफगानिस्तानका विभिन्न भागमा गएको हप्तामा आएको विनाशकारी बाढीमा तीन सय भन्दा बढीको मृत्यु भएको छ । बाढीले सयौं आवासीय घरहरू ध्वस्त पारेको छ र हजारौं हेक्टर कृषि जगगामा क्षति पुऱ्याएको छ ।

# सार्वजनिक भएको सदस्यता सूची प्रेस युनियनद्वारा अस्वीकार

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ जेठ ।**

नेपाल पत्रकार महासंघका अध्यक्ष र महासचिवद्वारा हस्ताक्षर गरी सार्वजनिक भएको सदस्यता सूचीप्रति नेपाल प्रेस युनियनको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्रेस युनियनका महासचिव दिलिप पौडेलद्वारा सोमबार जारि विज्ञप्तिमा महासंघको विधान अनुसार शाखा र प्रदेश समितिले पठाएको सदस्य सूचीलाई बेवास्ता गर्दै विधि, प्रक्रिया, विधान मिचेर सार्वजनिक भएको सदस्यता सूची प्रेस युनियनले अस्वीकार गर्दछ । सक्रिय पत्रकारहरुलाई बाहिर राखेर निश्चित समूहको स्वार्थमा सदस्य थप गरी सार्वजनिक गरिएको सदस्यता अन्यायपूर्ण रहेको युनियनको ठहर रहेको उल्लेख छ ।

महासंघको विधान र महाधिवेशनको म्यान्डेड अनुसार शाखाबाट सिफारिस भएका सदस्य सूचीलाई महासंघकै संगठन समिति र शुद्धीकरण समितिको संलग्नता विना नै गलत बाटोबाट सूची तयार पारिएकाले प्रेस युनियनले असहमति जनाएको हो ।

विधान, विधि, प्रक्रिया अनुसार नेपाल पत्रकार महासंघकै शाखाहरु र प्रदेश समितिले पठाएको सदस्यता कायम गर्न युनियन माग गर्दछ । सदस्यता विवाद निरुपण नगरी युनियनको आग्रहलाई बेवास्ता गर्दै निर्वाचन प्रक्रिया अघि बढेमा उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयं नेपाल पत्रकार महासंघ नै हुने विज्ञप्ति मार्फत जनाइएको छ ।

# समाजवादी प्रेस संगठनद्वारा महासंघको केन्द्रीय कार्यालयमा तालाबन्दी

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ जेठ ।**

समाजवादी प्रेस संगठन नेपालले नेपाल पत्रकार महासंघको सञ्चारग्राम, सिनामंगलस्थित केन्द्रीय कार्यालयमा तालाबन्दी गरेको छ ।

निर्वाचनका निम्ति तयार पारिएको सदस्यता सूचीमा रातारात गैरपत्रकारका नाम थप्दै निर्वाचन समितिलाई बुझाउने तयारी भइरहँदा संगठनले तालाबन्दी गरेको हो ।

सदस्यता शुद्धीकरणका क्रममा आएका उजुरीको अध्ययन गरी न्यायोचित रूपमा सदस्यता नामावली तयार पार्ने कार्यदलले जेठ ८ गते टुङ्गो लगाएका नाममा रातारात हेरफेर गर्दै विभिन्न जिल्ला शाखा र प्रदेशबाट सिफारिस नै नभएका नाम हाल्ने काम भएको संगठनका अध्यक्ष विश्वमणि सुवेदीले बताए ।

तालाबन्दीअघि अध्यक्ष सुवेदीले आफ्नो संगठनका सदस्यका नाम हटाउँदै प्रेस चौतारीको नाम हाल्ने काममा प्रेस सेन्टरसम्बद्ध महासंघका महासचिवको साँठगाँठ रहेको आरोप लगाए । पत्रकार महासंघ पत्रकारिता गर्ने पत्रकारको मात्रै साझा संस्था हुनुपर्ने संगठनको माग विपरित पत्रकारिताबाहेक अन्य पेसा, व्यवसायमा संलग्न व्यक्तिका नाम रातारात थपिएको उनको आरोप छ । त्यससँगै पत्रकारिता पेसामै रहेका थुप्रै मधेसी, महिला, दलित, जनजातिसहित नाम पनि हठात् हटाइएको संगठनले जनाएको छ । त्यस्तो सदस्यता विवरण खारेज गरी न्यायोचित सदस्यता जारी नभएसम्म संगठनको विरोध जारी रहने अध्यक्ष सुवेदीले बताए ।



अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*